www.gulminews.com

प्यूठान समाचार

प्यूठान जिल्लाबाट प्रकाशित पहिलो समाचार मूलक "ख" वर्गको पत्रिका

Pyuthan Samachar Daily — राष्ट्रिय दैनिक

वर्ष १३, अंक ९५, २०७० साल चैत २४ गते सोमबार (Pyuthan Samachar National Daily 7 April 2014) पृष्ठ : ४ मूल्य : ५

प्यूठान जिल्लामा पहिलो पटक
एशियन पेन्ट्सको डिलर बाग्दुलामा

- कलर बैंक मार्फत १० हजार प्रकारका रंगहरु ग्राहकको रोजाई अनुसार उपलब्ध छन्।
- एशियन पेन्ट्सका सम्पूर्ण रंगरोगनहरु, रोयल, एपेक्स, अल्टिमा, डिस्टेम्पर तथा प्लाष्टिक पेन्ट्सहरु ७ वर्षको वारेन्टी सहित छुटमा उपलब्ध छन् ।
- एशियन पेन्ट्स लिड प्रि भएकाले मानव स्वास्थ्यमा कुनै असर गर्दैन ।
- सामान ढुवानीको पनि व्यवस्था छ ।

साथै हामी कहाँ सम्पूर्ण निर्माण सामग्रीहरु उचित मूल्यमा पाइन्छ ।
"हामी नाफाको दश प्रतिशत समाज सेवा गर्छौं ।"

आर एण्ड आर ट्रेड लिंक
धर्मावती-१ वाग्दुला पुलचोक, प्यूठान
फोन नं. : ०८६-४६०२७८/९८५१०७२०५५
व्यवस्थापक : रमेश पौडेल

सत्यनिरूपण विधेयक बारे एमाओवादीको आपत्ति, ६ सदस्यीय समिति गठन

बालुवाटारमा नेताहरूको डेलिगेसन

प्यूठान समाचार सम्वाददाता
काठमाण्डौं, २३ चैत ।

सरकारले एकतर्फी रुपमा सत्य निरुपण र बेपत्ता सम्बन्धी आयोगको विधेयक बनाउन लागेको भन्दै एमाओवादी नेताहरुले प्रधानमन्त्री सुशील कोइरालालाई भेटेर आपत्ति जनाएका छन । आयोगको विधेयक मस्यौदाबारे सरकारले गरिरहेको तयारीमा आपत्ति जनाउन एमाओवादीका शीर्षनेताहरु आईतबार विहान प्रधानमन्त्री निवास बालुवाटार पुगेका थिए । प्रधानमन्त्रीलाई भेट्न प्रचण्ड, बाबुराम भट्टराई, नारायणकाजी श्रेष्ठ, पोष्टबहादुर बोगटी लगायतका शीर्ष नेताहरुको टोली नै पुगेको थियो ।

एमाओवादीको आग्रहमा बालुवाटारमा कानूनमन्त्री नरहरी आचार्य र गृहमन्त्री वामदेव गौतमलाई पनि पनि बोलाइएको थियो । शान्ति सम्झौता तोड्न र एकलौटी काम गर्न खोजेको हो कि के हो भन्दै एमाओवादी नेताहरुले आपत्ति जनाउँदा प्रधानमन्त्री कोइराला चुप लाग्नुभएको थियो । विगतमा दलका नेताहरु र विज्ञहरु बसेर विधेयकको मस्यौदा बनाइएकोमा कानूनमन्त्रीले एकलौटी रुपमा दिनेश त्रिपाठी लगायतलाई राखेर विज्ञ कमिटी बनाएको भन्दै एमाओवादी नेताले आपत्ति जनाएपछि कानूनमन्त्री आचार्यले नियत त्यस्तो नभए पनि प्रक्रियागत त्रुटी भएको भनेपछि तीन दलका २/२ जना राखेर अर्को विज्ञ कमिटी गठन गर्ने सहमति भएको एमाओवादी नेताले बताए । केही ढीलो गरी बालुवाटार छिरेका गृहमन्त्री गौतमले सबै दलका मिलेर मस्यौदा बनाउनुपर्छ भन्ने प्रतिक्रिया एमाओवादी नेताहरुसँग व्यक्त गर्नुभएको थियो ।

समितिमा एमाओवादीबाट वर्षमान पुन र खिमलाल देवकोटाको नाम दिइएको छ । एमाले र कांग्रेसबाट एकजना नेता र एकजना वकिल राखेर विधेयक मस्यौदाबारे छलफल गर्ने सहमति भएको बताइएको छ । सरकारले सत्य निरुपण तथा मेलमिलाप आयोग र व्यक्ति बेपत्ता पार्ने (कसुर र सजायँ) सम्बन्धी विधेयकको मस्यौदा तयार पार्न एकतर्फी रुपमा समिति गठन गरेपछि एमाओवादी नेताहरु आक्रोशित भएका हुन । शान्ति सम्झौताको मर्म र भावनालाई बिर्सेर एकलौटीरुपमा कानून बनाउन लागिएको भन्दै एमाओवादी नेताहरुले प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको स्रोतले बताएको छ ।

सरकारले गठन गरेको विधेयक मस्यौदा समितिमा प्रधानमन्त्री एवं मन्त्रिपरिषद कार्यलयका सचिव राजुमानसिंह मल्ल संयोजक रहनुभएको छ । समितिका सदस्यहरुमा शान्ति मन्त्रालयका सचिव धनबहादुर तामाङ, कानून आयोगका सचिव राजेन्द्रकिशोर क्षेत्री, कानून मन्त्रालयका सहसचिवहरु कमलशाली घिमिरे र टेकप्रसाद ढुंगाना सदस्य रहनुभएको छ। यो समिति एकपक्षीय रहेको एमाओवादी नेताहरुको आरोप छ। द्वन्द्वका सबै पक्षलाई समेटेर अर्को समिति बनाउन उनीहरुले प्रधानमन्त्रीसँग माग गरेका हुन ।

मन्त्रिस्तरीय निर्णयबाट बनाइएको समितिलाई तीन दिनको म्याद दिइएको छ । यसअघि कानूनमन्त्री आचार्यको पहलमा अधिवक्ता दिनेश त्रिपाठी र युद्धमा माओवादीबाट मारिएका शिक्षक मुक्तिनाथ अधिकारीका छोरा सुमन अधिकारीसमेतको सहभागितामा विधेयक मस्यौदा सम्बन्धी सुझाव दिन 'विज्ञहरुको समिति' बनाइएको थियो । उक्त विज्ञ समितिप्रति आपत्ति जनाउँदै एमाओवादीले सर्वदलीय समितिले दिएको सुझाव अनुसार विधेयक मस्यौदा समितिले विधेयक बनाउनुपर्ने माग गरेको हो ।

भारतीद्धारा केन्द्रिय सदस्यमा मनोनयन गर्दा

'कृषि व्यवसायी करणमा जोड दिनेछु'

बालकृष्ण थापा/प्यूठान समाचार
काठमाण्डौं, २३ चैत ।

कृषि प्रधान देश भएपनि यस क्षेत्रको व्यवसायीकरण हुन नसकेको भन्दै कृषिको व्यावासीकरणमा जोड दिने प्यूठान उद्योग वाणिज्य संघका निर्वतमान अध्यक्ष तथा मानार्थ सदस्य इमानसिंह भारतीले बताउनुभएको छ । नेपाल उद्योग वाणिज्य महासंघको केन्द्रीय सदस्यमा उम्मेदवारी दर्ता गरेपछी *प्यूठान समाचार*सँग प्रतिक्रिया दिँदै भारतीले अवका दिनमा महासंघले पर्यटन, उर्जासँगै कृषिलाई समेत व्यवसायीकरण गर्दै अगाडी बढ्ने बताउनुभयो ।

राप्ती अञ्चल पछाडी परेको र प्यूठानको सन्दर्भमा स्वर्गद्धारीलाई केन्द्रित गरि पर्यटन, नौमुरेलाई प्रयोग गरेर उर्जा, झिम्रुक माडीका फाँटलाई प्रयोग गरेर कृषि क्षेत्रको विकासमा जोड दिने उहाँले बताउनुभयो। दाङमा कृषि औद्योगिकरणसँगै पहाडी जिल्लालाई प्राथमिकता दिन आफ्नो उम्मेदवारी रहेको उहाँले प्रष्ट पार्नुभयो ।

राप्ती अञ्चलबाट दाङ उद्योग वाणिज्य संघ र राप्ती उद्योग वाणिज्य संघले महासंघमा प्रतिनिधित्व गरिसकेकाले यस पटक प्यूठान उद्योग बाणिज्य संघको तर्फबटा आफुले उम्मेदवारी दिएको उहाँले बताउनुभयो ।

महासंघमा १४ वटा अञ्चलबाट १४ जना, ९३ वटा जिल्ला नगर उद्योग वाणिज्य संघबाट १४ जना, एसोसिएटबाट १६ जना, बस्तुगत संघको तर्फबाट १४ जना, दुईराष्ट्रिय उद्योग वाणिज्य संघबाट १ जना, महिला २ सहित मनोनित ५ जना, ३ जना उपाध्यक्ष, निर्वाचित मध्येबाट वरिष्ठ उपाध्यक्ष गरि ७१ जनाको कार्यसमिति रहनेछ । जिल्ला नगरको ५० प्रतिशत, ३० प्रतिशत एसोसिएट र २० प्रतिशत बस्तुगतको प्रतिनिधित्व गर्ने व्यवस्था रहेको छ ।

यहि चैत २८ गतेदेखी शुरु हुने अधिवेशनमा वरिष्ठ उपाध्यक्ष भाष्काराज राजकर्णिकार र उपाध्यक्ष प्रदिपजंग पाण्डेको दुई वटा समुह निकै प्रतिस्पर्धामा रहेको छ। दुवै प्यानलबाट गरि ६१ पदका लागि १ सय ६३ जनाको उम्मेदवारी परेको छ ।

फोहोरमैला ब्यवस्थापन गर्न

'स्यानेटरी ल्याण्डफिल साइट' निर्माण हुने

प्यूठान समाचार सम्वाददाता
प्यूठान, २३ चैत ।

जिल्लामा पूर्ण सरसफाई अभियान चलिरहेकै वेला फोहरमैला व्यवस्थापनका लागि 'स्यानेटरी ल्याण्डफिल साइट' निर्माण हुने भएको छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय पुर्वाधार विकास तथा कृषि सडक विभाग (डिलिडार) को साना सिंचाई, नदि नियन्त्रण तथा समाजिक पूर्वाधार मार्फत ल्याण्डफिल्ड साइट निर्माण हुन लागेको जिल्ला प्राविधिक कार्यालय प्यूठानका इन्जिनियर मेघराज ज्ञवालीले जानकारी दिनुभयो ।

उक्त ल्याण्डफिल साइट खलंगा-८ र ६ को सिमाना चौडे खोलामा निर्माण हुन लागेको हो । यो ठाँऊ नेवारी, धैरेली र पाले सामुदायिक वनसँग जोडिएको रिठ्ठे खोला छेऊमा पर्छ । यसका लागि पहिलो चरणमा ३० लाख बजेट विनियोजन भएको जानकारी दिँदै इन्जिनियर ज्ञवालीले तीन करोडसम्म खर्च हुन सक्ने यो योजना क्रमागत रुपमा संचालन गर्ने बताउनुभयो । अव्यवस्थित रुपमा छरिएका घरबाट निक्ने फोहरमैलालाई व्यवस्थित गर्नका लागि यो परियोजना महत्वपूर्ण हुने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

पहिलो चरण अनुसार यसको क्षेत्र निर्धारण, सडक जोड्ने र फोहोर संकलन गर्नका लागि गराहरु बनाइने जस्ता कार्य हुनेछन्। ल्याण्डफिल साइट निर्माणका लागि डोलिडारले सम्पूर्ण अध्ययनहरु गरि डिजाइन, स्टिमेट समेत तयार गरिसकेको इन्जिनियर ज्ञवालीले जानकारी दिनुभयो । स्टिमेटले फोहोरलाई व्यवस्थित गर्दै यसबाट निष्कने दुर्गन्धीत पानी र ग्याँसलाई व्यवस्थापन गर्न जोड दिएको छ। 'डम्पिङ साइट'हरुमा फोहोर फयाँक्ने काम हुन्छ, जसले बातावरण दुर्गन्धीत बनाउँछ ।' ,उच्च स्तरीय अत्याधुनिक फोहोर व्यवस्थापन स्थल बन्नेमा जोड दिँदै जिल्ला इन्जिनियर ज्ञवालीले भन्नुभयो, 'ल्याण्डफिल साइटले मानव स्वास्थ्यमा कुनै असर पार्ने छैन्, र वातावरण दुर्गन्धीत पनि हुँदैन् ।' यससँगै फोहोर व्यवस्थापनको छुट्टै कार्यालय, चौकीदार बन्ने घर, गाडि पार्किङ, फोहोर संकलन केन्द्र, खानेपानी योजना, सडक जस्ता पुर्वाधार विकासको कामसँगसँगै हुनेछ ।

यसैबीच, ल्याण्डफिल साइट निर्माणका लागि आईतबार खलंगा गाविसमा भएको सर्वपक्षिय बैठकले निर्माणका लागि प्रक्रिया अघि बढाउन सम्वन्धित पक्षसँग

बाँकी ३ पेजमा

अवैध इँटा उद्योग बन्द

अर्जुन भुसाल/प्यूठान समाचार
अर्घाखाँची, २३ चैत ।

अवैध रुपमा सञ्चालित ६ इँटा उद्योग बन्द भएका छन । अख्तियारले अवैध रुपमा सञ्चालित इँटा उद्योग बन्द गर्न निर्देशन दिएपछि जिल्ला प्रशासन कार्यालयले विभिन्न क्षेत्रमा रहेका उद्योगलाई बन्द गराएको हो । लाइसेन्स नलिइ चलेको पाइएपछि उद्योग बन्द गराएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

जिल्लामा सञ्चालित ६ वटै उद्योग मापदण्ड विपरीत रहेकाले बन्द गरिएको प्रमुख जिल्ला अधिकारी सागरमणि पाठकले बताउनुभयो । राज्यलाई कर नबुझाइ अवैद्य रुपमा सञ्चालनमा आए पनि प्रशासनले यसअघि अनुगमन गरेको थिएन। अख्तियारले दर्ता नभएको अवस्थामा बन्द गर्न भनेर पत्र काटेपछि मात्र प्रशासनले अनुगमन गरेको हो । अनुगमनमा दर्ताविनै सञ्चालन भएको पाइएको प्रजिअ पाठकले बताउनुभयो । 'वर्षौदेखि अवैध ढंगले सञ्चालनमा आएका रहेछन' उहाँले भन्नुभयो, 'अब दर्ता नगरी सञ्चालन गर्न दिदैनौं ।'

उहाँले दर्ता गरेर करको दायरामा आएपछि मात्र उद्योग सञ्चालन गर्न दिने बताउनुभयो। सहायक प्रमुख जिल्ला अधिकारी भेषराज खनालको नेतृत्वमा गएको टोलीले केही दिनअघि इँटा उद्योगको अनुगमन गरेको

बाँकी ३ पेजमा

अत्याधुनिक सुविधा सहित प्रख्यात मेडिकल हल

- २४ सै घण्टा आकस्मीक सेवा । - सादा एक्सरे,भिडियो एक्सरे सेवा ।
- सामान्य सल्यक्रिया । - ओ.पि.डी सेवा ।
- २४ सैं घण्टा फार्मेसी तथा एम्बुलेन्स सेवा । - अत्याधुनिक प्रयोगशाला सेवा ।
- टुटफुट हड्डीहरुको प्लाष्टर सेवा । - परिवार मातृ शिशु तथा संम्पूर्ण खोप सेवा ।
- स्वदेशी औषधीहरुमा ५ प्रतिशत छुटको व्यवस्था

प्रत्येक शनिवार विशेषज्ञ डाक्टरहरुद्धारा विभिन्न रोगको चेक जाँच तथा उपचार गरिने ।

नोट : नाम दर्ता फोनबाट पनि गर्न सकिन्छ । साथै भिडियो एक्सरे गर्नुपर्ने विरामी भएमा खाली पेटमा आउनुहोला ।

प्रख्यात मेडिकल हल
बाङ्गेशाल-६, दरभान प्यूठान
सम्पर्क :९८५७८३३७५२, ९७४७०११४६२

किसान परियोजना १३ गाविसमा

एलबी थापा/प्यूठान समाचार
प्यूठान, २३ चैत ।

पौरखी किसानहरुका लागि जिल्लाको १३ गाविसमा किसान परियोजना लागु सञ्चालन भएको छ। ग्रामीण क्षेत्रका किसानहरुलाई संगठित गराई 'ज्ञानमा आधारित एकिकृत दिगो कृषि तथा पोषण सम्बन्धि कार्यक्रम'(किसान) परियोजना सञ्चालन भएको हो ।

जिल्लाका १३ गाविस छनौट भएकोमा हाल ९ गाविसमा कार्यक्रम संचालन भइरहेको छ। छुट्टाछुट्टै क्षेत्र समेट्ने गरी तीन कलस्टरमा संचालन गर्न लागिएको यो कार्यक्रम हाल दुई कलस्टरमा संचालन भइरहेको परियोजनाका ब्यवसायिक विकास तथा सेवा अधिकृत सञ्जीव श्रेष्ठले जानकारी दिनुभयो ।

युएसएआइडी नेपाल/किसान परियोजना अन्तर्गत सन् २०१३ देखि लागु भएको यस परियोजना सन् २०१८ सम्म लागु हुनेछ । पहिलो चरणमा मरन्ठाना, तोरवाङ र माझकोट सहित नयागाउँ, गोठिवाङ, भिंग्री, बेलवास, सारी र स्वर्गद्वारीका कृषकहरुलाई संगठित गरिएको छ । रम्दि, हंशपुर, ढुंगेगढी र बांगेशाल गाविसमा संचालनको तयारीमा रहेको श्रेष्ठले बताउनुभयो । स्थानीय अगुवा कृषकहरुको समन्वयमा उनीहरु मार्फत नै परिचालन गरी पौरखी कृषकहरुलाई ब्यवासायिक खेतीतर्फ आकर्षित गराउने उदेश्य रहेको छ । यस परियोजना मार्फत तरकारी खेती, मकै, धान तथा मसुरो उत्पादनमा मात्र जोड दिइएको छ । जिल्लाभर करिब १ हजार ८ सय कृषकहरुलाई प्रत्यक्ष लाभ मिल्ने परियोजनाले जनाएको छ । परियोजनाबाट अहिले ९० वटा तरकारी उत्पादन तथा कृषि समुह गठन भएका छन् ।

समुहमार्फत कृषिमा आधारित ज्ञान आदान प्रदान गर्नुका साथै गाउँलेहरुलाई सहकारीको सिद्धान्त अनुरुप बचत संकलन र परिचालनको समेत काम सिकाउने गरिएको छ । उनीहरुले मासिक १० देखि एक सय रुपैयाँसम्म बचत संकलन गर्दै आएका छन् । कार्यक्रम अवधिभर प्राविधिक सल्लाह र कृषि परामर्श दिइने छ । सुरुमा समुहका कृषकलाई बिउ उपलब्ध गराइ प्रयोग परिक्षणबाट ब्यवसायिक बन्न उत्प्रेरीत गरीने कृषि प्राविधिक हिमराज अधिकारीले बताउनुभयो । बिउबाट उत्पादन र यसको बिक्रिबाट भएको मुनाफाको आधारमा कृषकहरु ब्यवासायिक खेती अवलम्बनमा बाटो खुल्ने उहाँले बताउनुभयो। यसरी प्रभावित हुने किसानलाई आफ्नो समुबाट ऋण लिई ब्यवसाय थाल्नेछन् भने बृहत रुपमा ब्यवासायिक खेती गर्नेहरुका लागि बिभिन्न निकाय र कार्यालयमा समन्वय गरीदिने उहाँले जानकारी दिनुभयो । हाल लागु भएका प्रत्येक गाविसमा एक/एक जना स्थानीय सामाजिक सेवा प्रदायक समेत राखिएको छ ।

स्थानीयको गरिवी निवारणसँगै आयआर्जनमा बृद्धि गराउन ब्यवसायिक खेती तर्फ आकर्षित गराउने र पोषण कार्यक्रममा प्रोत्साहन गर्न यो कार्यक्रम किसान लक्षित रहेको बरिष्ठ कृषि विकास अधिकृत महेशचन्द्र आचार्यले बताउनुभयो । 'हाम्रो उद्धेश्य गाउँभरका किसान ब्यवसायिक बनुन भन्ने हो' उहाँले भन्नुभयो, 'परम्परागत खेती प्रणालीलाई आधुनिकीकरण गर्ने अर्को भुमीका रहनेछ ।' चेतना अभावमा प्रशस्त संभावना रहेर पनि कृषि ब्यवसाय फस्टाउन नसकेको उहाँले बताउनुभयो ।

"न्यून शुल्क, गुणस्तरिय सेवा हाम्रो प्रतिवद्धता"

सिसा, प्लाई, सनमाईका छड, सिमेन्ट, डेर फिटिङका सामग्रीहरु, पेन्ट, घरका रेडिमेट ढोकाहरु, पर्दा कार्पेट सुपथ मुल्यमा पाईनुका साथै थोक तथा होलसेल विक्रिवितरण गरिन्छ । साथै, सम्पूर्ण किसिमका हार्डवयर सामाग्री, विभिन्न डिजाईनका लिस्टीहरु तथा फेविकलको होलसेल विक्रि वितरण गरिन्छ ।
१. हाम्रा थप विशेषताहरु : *सिसा तथा प्लाईउड डेलिभरीको व्यवस्था छ ।*
२. हाम्रा थप विशेषताहरु : *होम डेकोरका सम्पूर्ण सामग्रीहरु पाइन्छ । साथै इलेकट्रोनिक्स सामानहरु पनि पाइन्छ । (जस्तै फ्रिज,टि.भी, एलीडी, पंखामा भारी छुटपनि दिइन्छ ।)*
३. हाम्रा थप विशेषताहरु : हरेक पेन्ट्सको खरिदमा ३५ प्रतिशत छुट दिइनुको साथै ७ वर्षको ग्यारेण्टी गरिन्छ ।

ग्राहकको चाहना नै हाम्रो सन्तुष्टि

प्रो. सुर्यचन्द्र खनाल, व्यवस्थापक : गणपती खनाल
सम्पर्क : ०८६-४६०४८५ मोवाईल : ९८५७८३३८५०, ९८४४९१८५९२, ९८४७९३३८५०
Email : ganapatikhanal@gmail.com

श्री सत्यसाई अर्डर एण्ड सप्लायर्स
गौमुखी विकास बैंकको ठिक अगाडि आफ्नै भवनमा, विजुवार-६ प्यूठान

"सन् २०१७ सम्ममा सरसफाईको आनिवानीमा पूर्णता, प्यूठानबासीको प्रतिवद्धता" – जिल्ला खानेपानी सरसफाई तथा स्वचछता समन्वय समिति, प्यूठान

www.gulminews.com

प्यूठान
प्यूठान जिल्लाबाट प्रकाशित पहिलो समाचार मूलक "ख" वर्गको पत्रिका
समाचार
Pyuthan Samachar Daily राष्ट्रिय दैनिक

बोली बुद्धिको संकेत हो । – सेनेका

सम्पादकीय................

कार्यतालिकाको कार्यान्वयन

संविधान सभाले बैशाख १५ मा सवै समितिका सभापतिहरुको टुंगो लगाएर कार्त्तिक मसान्त भित्र संविधान सभाको मस्यौदा तयार गर्ने कार्यतालिका निर्माण गरेको छ । संविधानको मस्यौदालाई देशव्यापी रुपमा जिल्ला स्तरीय छलफल चलाएर माघमा संविधान जारी गर्ने कार्यतालिका बनेको छ। समितिले तयार गरेको कार्यतालिकालाई संविधान सभा बैठकले समेत पारिद् गरेको छ ।

संविधान निर्माणका विभिन्न चरणहरुलाई अव विषय केन्द्रित बनाउने तर्फ अघि बढ्नु पर्ने आवश्यकता देखिएको छ । अघिल्लो संविधान सभाले सहमतिका आधारमा गरेका निर्णयहरुको स्वामित्व ग्रहण गरेर संविधान निर्माणका विवादित विषयहरुलाई गहन छलफल र वहसका माध्यमबाट संविधान निर्माण प्रक्रियालाई अव शुरु गर्नुपर्दछ । संविधान निर्माणलाई विषयगत छलफल अघि बढाउनका लागि पहिलो काम समिति गठनलाई पुर्णता दिनुपर्दछ । यस प्रक्रियामा सहभागी गराउनका लागि संविधान सभालाई पूर्णता दिनु त्यसभन्दा पहिलो आवश्यकता हो । यसका लागि दलहरुले समझदारी कायम गरेर मनोनित गर्नुपर्ने २६ जना सभासद्लाई तत्काल मनोनित गर्नुपर्छ । पछिल्लो समय संविधान सभा बैठकहरुमा सभासद्हरुको उपस्थित भने पातलिन थालेको छ । शिर्ष नेताहरुदेखिका सभासद्हरु नै नियमित बैठकहरुमा उपस्थित नहुँदा संविधान निर्माण प्रक्रिया फेरी ओझेलमा पर्ने सम्भावना छ ।

संविधान सभाले कार्यतालिका निर्माण गरे पनि त्यस अनुरुपले गतिविधि लिन नसकेको हामीसँग तितो यथार्त छ । चार दर्जन भन्दा बढि पटक कार्यतालिम अघिल्लो संविधान सभामा परिवर्तन गर्नुपरेको अवस्था थियो । यस्ता प्रक्रियालाई अवको संविधान सभामा कुनै पनि हालतमा दोहोर्‍याउनु हुँदैन । निर्णय गरिएको कार्यतालिका अनुसार संविधान सभालाई अघि बढाउनका लागि सवैले जिम्मेवार भुमिका निर्वाह गरौं । तोकिएको समयमा संविधान तयार र जारी गर्ने प्रक्रियामा सहभागी बनौं ।

जनपक्षीय पुँजीवाद

डा.प्रकाश चन्द्र लोहनी

आजको २१ औं शताब्दीमा के पुँजीवाद जनपक्षीय हुनसक्छ ? अर्थात के जनपक्षीय पुँजीवादको कल्पना सम्भव छ ? यो प्रश्नबारे विरोधाभाषपूर्ण जवाफ आउने स्पष्ट छ । परम्परागत मार्क्सवादी-लेनिनवादीका लागि जनपक्षीय पुँजीवादको कल्पना गर्नु फापर रोपेर चामल फलाउन खोज्नुमात्र हो । तर यथार्थमा के छ भने पुँजीवादमा निहित उत्पादन वृद्धि गर्नसक्ने क्षमताको सबभन्दा गम्भीर विश्लेषक मार्क्स थिए । पुँजीवादको आर्थीक वृद्धि गराउन सक्ने क्षमता र यसमा नाफा आर्जनको भूमिकाबारे उनको बृहत विश्लेषण थियो । तर यो नाफा आर्जनको आकांक्षाले आर्थीक प्रतिस्पर्धासमेत हराएर जाने र पुँजीवादी एकाधिकार कायम गर्ने र अन्ततोगत्वा समाजलाई पुँजीपति र सर्वहारामा ध्रुवीकरण गरी क्रान्ति सुरु गर्ने उनको निचोड थियो ।

पुँजीवादी संकटको यो स्थिति ल्याउन मूलतः घट्दो नाफा दर, नाफा कायम राख्न मजदुर हटाउने मेसिनरीको विस्तार, घट्दो ज्याला दर र बेरोजगारहरूको वर्गीय चेतनाको विस्तारले सामाजिक ध्रुवीकरण र संघर्षको कल्पना थियो । इतिहासले नयाँ फड्को मार्ने उनको यो विश्लेषण १९ औं शताब्दीको अनियन्त्रित पुँजीवादमा निहित शोषण र विकृतिबाट प्रभावित थियो र यही स्थितिको निरन्तरताले क्रान्तिको सुरुवात गर्ने उनको प्रक्षेपण थियो । यसै सिलसिलामा मार्क्सको कम्युनिष्ट क्रान्ति पहिले बेलायतमा हुने र त्यसपछि फ्रान्समा सर्ने निचोड थियो । जर्मनीमा भने चाँडो वाम क्रान्ति नहुने उनको तर्क थियो, किनभने जर्मनीमा फ्याक्ट्री कामदार (सर्वहारा वर्ग) कुल कामदार संख्याको कुल चार प्रतिशतमात्र थिए ।

मार्क्सको विश्लेषणले इतिहासको सम्भावित गति र त्यसका विभिन्न कारक तत्वबारे बृहत र शक्तिशाली विश्लेषण गरे पनि कुन देशमा कसरी र कहिले यो प्रक्रियाले गति पाउँछ भन्ने कुरो यकिन गर्नसकेको थिएन । सिद्धान्तको व्यापक छाताभित्र ठोस परिस्थितिको ठोस विश्लेषण गरी आ-आफ्नो तरिकाले वामपन्थी राजनीति अगाडि बढाउने छुट यसले सबैलाई दिएको थियो । मार्क्सका अनुयायीहरूले यो छुटको राम्रै प्रयोग गरे र मार्क्सवादको नाममा निस्कने विभिन्न विश्लेषणबाट वाक्क भएर मार्क्स आफैंले आफूलाई मार्क्सवादी भन्न पनि गाह्रो परेको अभिव्यक्ति दिनपुगे । तर यथार्थ के थियो भने मार्क्सकै जीवनकालमा पनि उनले विश्लेषण गरेअनुसार ज्याला दर घट्दै गएको थिएन, परन्तु मजदुरको ज्याला दर पुँजीवादको विस्तारसँगै बढ्दै जानथालेको थियो ।

मार्क्सको चिन्तनलाई व्यवहारमा उतार्ने प्रयास लेनिनले गरे । यस प्रयासमा प्लेखानोभले सन १९०३ मा लेखेको सर्वहाराको अधिनायकवादको अवधारणालाई उनले ग्रहण गरे, जसअनुसार सर्वहाराको हित गर्न जुनसुकै सामाजिक शक्तिलाई पनि दबाउनु जायज थियो । यसभन्दा अगाडि १९०२ मै लेनिनले व्यावसायिक क्रान्तिकारीहरू निर्माण गर्नुपर्ने सिद्धान्त पेस गरिसकेका थिए । मार्क्सलाई व्यवहारमा उतार्न व्यावसायिक क्रान्तिकारी र अधिनायकत्वजस्ता अवधारणाले शासकीय तानाशाहीलाई वाम चरित्रको अंग बनाउन मद्दत गर्‍यो । अझ १९२० मा लेनिनको धारणा अनुकूल भएको दोस्रो कांग्रेसले निचोड निकाल्यो- कुनै पनि संसद सर्वहाराका लागि संघर्षको थलो हुनै सक्तैन, खालि प्रश्न संसदलाई ध्वंस गर्न संसदलाई नै कसरी प्रयोग गर्ने भन्नेमात्र हो ।

आर्थीक प्रश्नमा भने 'राज्य र क्रान्ति' भन्ने महत्वपूर्ण किताबमा लेनिनले सबै नागरिक राज्यका कामदार हुन्छन र उनीहरूले लेखा र नियन्त्रणको सिद्धान्तअनुसार काम गर्छन भनी दाबी गरे । अर्थात अब राज्यले जनता र अर्थतन्त्र नियन्त्रण गर्ने, पार्टीले राज्य नियन्त्रण गर्ने र पार्टीको महासचिवले पार्टी नियन्त्रण गर्ने पद्धतिको संस्थाकरण भयो । यसै पद्धतिको फाइदा उठाएर स्टालिनले जनता र पार्टीको नाममा आफ्ना अधिकांश केन्द्रीय सदस्यलाई १९३६ सम्म सफाया गरिदिए, तर कसैको बोल्ने हिम्मत भएन । वास्तवमा मार्क्सवादमा निहित मानवतावादी आदर्श विरोधी सफाया गर्ने यन्त्रको रूपमा रूपान्तरित भयो । पुँजीवादमा थुप्रै विकृति छन । त्यसको व्याख्या गर्न गाह्रो छैन, तर यसमा नयाँ प्रविधि ग्रहण गर्ने र यसको प्रयोग गरी उत्पादन र उत्पादकत्वमा विस्तार गर्ने क्षमता निहित छ । यही क्षमता राज्यको अर्थतन्त्र पूर्णरूपमा नियन्त्रण गरी सञ्चालन गर्ने वामपन्थी एकदलीय शासनमा सम्भव थिएन । राज्यले जबर्जस्ती जम्मा गरेको बचत र ग्रामीण क्षेत्रबाट उद्योगमा काम गराउन सकिने मजदुर पर्याप्त हुने ज्यालासम्म रूसको उत्पादन बढ्यो । तर प्रतिस्पर्धाको अभावमा पश्चिमी देशको दाँजोमा श्रमको उत्पादकत्व बढेन र नयाँ प्रविधिको विस्तार भएन । स्वभावतः यो शासन पद्धति जनताको असन्तोषबाटै ढल्यो । यो अनुभवलाई बुझेर चीनले शासनमा एकदल भए पनि अर्थतन्त्रमा प्रतिस्पर्धा, नाफा, निर्यात तथा नयाँ प्रविधि र यिनै तत्वसँग जोडिएको श्रमको उत्पादकत्वको बजार व्यवस्थाबाट संयोजन गरेर अहिलेसम्म सफलतासाथ अगाडि बढेको छ ।

यो लामो व्याख्या जरुरी भयो, किनभने नेपालमा समेत वामपन्थी चिन्तन अन्योलमा छ । परम्परागत मार्क्सवादी-लेनिनवादी संगठन र माओवादी रणकौशलमा आधारित माओवादी विद्रोह शान्ति प्रक्रियामा आएपछि दिशाविहीन भएको छ । आजका हरेक समस्याको विश्लेषण लेनिन, स्टालिन र माओको भनाइ उद्धृत गर्दै आफ्नो विशेषता र अध्ययन देखाउने शैलीले मात्र अब जनता चित्त बुझाउने पक्षमा छैनन । यस्तो शैली धर्मशास्त्रका गुरुहरूलाई सुहाउला, तर ठोस परिस्थितिको ठोस विश्लेषण गर्ने तालिम पाएको भनी गर्व गर्ने जमातलाई कति सुहाउला ? जनता उत्पादनमा वृद्धि चाहन्छन । यो राजनीति र अर्थतन्त्रमा एकदलीय मार्क्सवादी-लेनिनवादी अधिनायकवादको चिन्तनबाट कति सम्भव छ ? संसदलाई उपयोग गरेर अन्ततोगत्वा यसैलाई मास्ने लेनिनवादी चिन्तनमा अब सायद पुनःविचार गर्नुपर्ने अवस्था आइसकेको छ । लेनिनकै भक्तहरूले पनि यो बुझ्नुपर्छ कि १९२१ मा मस्को कम्युनिष्ट संगठनका अगाडि लेनिनले आफ्नो अनुभवको कमीले गर्दा भूल भएको र अब त्यो भूल स्वीकार नगरे हार खानसक्ने स्पष्ट गरेका थिए । आफ्नो हार स्वीकार्दै लेनिनले अब पुँजीपतिलाई पनि ठाउँ दिनुपर्ने र यो नयाँ व्यवस्थाको नाम राज्य पुँजीवाद हुने घोषणा गरेका थिए । तर स्टालिनको शासनमा यो राज्य पुँजीवाद फेरि एकदलीय अधिनायकवाद र विरोधी सफाया गर्ने यन्त्रमा रूपान्तरित भयो ।

नेपालको वर्तमान सन्दर्भमा नेपाली अर्थतन्त्रलाई प्रतिस्पर्धा, उद्यमशील र उत्कृष्टताको दिशामा लैजानुपर्ने आवश्यकता छ । यसका लागि निजी उद्यमशीलतालाई प्रोत्साहन गर्ने राज्यप्रणाली जनताको माग हो । शासकहरूको पजनी स्वतन्त्र रूपमा गर्न पाउनुपर्ने जनताको अधिकार यसको प्रमुख सर्त हो भने यसरी नियुक्त भएका शासकहरूले अधिकार दुरुपयोग नगरुन भनी सन्तुलन र नियन्त्रणका संस्थागत संरचना निर्माण गर्नु अर्को अनिवार्य सर्त हो । अर्थात राज्यले व्यक्तिलाई निर्देश गर्छ भने राज्यलाई पनि नियन्त्रण गर्नसक्ने जनताप्रति उत्तरदायी संस्था निर्माण गर्नु पनि उत्तिकै आवश्यक हुन आउँछ । सामाजिक शक्ति सन्तुलनको संरचना प्रजातन्त्रको मात्र अंग नभएर पुँजीवादी विकासमा निहित सबल पक्षको अधिकतम उपयोगका लागि अनिवार्य सर्त हो ।

पुँजीवाद उत्पादन वृद्धिको सबल हतियार हो । तर आफैमा यो जनपक्षीय हुँदैन । यो यथार्थलाई बुझेर यसको कमजोर पक्षलाई न्युनीकरण गर्दै सबल पक्षलाई प्रोत्साहन गर्नु आजको चुनौती हो । अर्थात पुँजीवादलाई सीमित समूहमा नरोकेर यसमा निहित उद्यमशीलता प्रोत्साहन गर्ने वातावरणलाई व्यापक रूपमा सहर र ग्रामीण क्षेत्रमा ठाउँ दिनु राज्यको दायित्व हुन आउँछ । पुँजीवादलाई उपयोग गर्न केही ठूला उद्यमीमात्र नभएर लाखौं उद्यमशील झिल्काहरू देशव्यापी रूपमा सिर्जना गर्नसके पुँजीवादले आर्थीक रूपान्तरण गर्न सक्छ । यही दृष्टिकोण लिएरै ०६०-६१ को बजेटमा 'आर्थीक र सामाजिक रूपान्तरण तथा अनुगमनका लागि जनता र सरकारबीच नयाँ साझेदारी'को अवधारणा र कार्यक्रम पेस गरिएको थियो । अब त्यसको आवश्यकता झन टड्कारो भएको छ ।

जनपक्षीय पुँजीवाद जनपक्षीय उदारवादको प्रमुख अंग हो । सामाजिक सन्तुलनको प्रतिविम्ब आउने प्रजातान्त्रिक जगमा आधारित राजनीति र उद्यमशीलताका नयाँ झिल्कालाई देशको सबै क्षेत्रमा प्रोत्साहन गर्नुपर्छ । यस किसिमको पुँजीवादी संरचना र यसलाई टेवा दिने प्रशासन अबको हाम्रो भविष्य हो, जनपक्षीय पुँजीवाद र उदारवादको गन्तव्य हो । यो यथार्थ ढिलै भए पनि मार्क्सवादका नेपाली धर्मगुरुहरूले बुझ्न चाहनु सकारात्मक चिन्ह हो । *लेखक राष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ नेता हुनुहुन्छ ।*

आगामी अप्रिल फूल

चास्स - चुस्स

मनोज गजुरेल

यो वर्षको अप्रिल फूल गैहाल्यो, अर्को वर्ष के हो के हो ! त्यसैले यस पटकको गजुरियल विश्लेषणमा मध्यावधि अप्रिल फूल मनाउने प्रयास गरिएको छ । यो अप्रिल फूलको चलन कसले चलायो, विश्वासिलो प्रमाण कसैसँग छैन । अप्रिल फूलवादीहरू भन्छन- यो एकले अर्कालाई मुर्ख बनाएर आनन्द लिने पर्व हो । यदि यो तर्कमा सत्यता छ भने, गजुरियल बिश्लेषण भन्छ- अर्कालाई दुःख दिएर लिइने आनन्द मनोरञ्जन होइन, परपीडा हो । अप्रिल फूलविरोधीहरू भन्छन- बलिया र बाठाहरूले कमजोरहरूलाई खिल्ली उडाउने नियतले सुरु गरेको चलन महापर्व होइन, महापाप हो !

पाप र धर्मको कुरामा ठूला-ठूला ज्ञानीहरू त प्रस्ट छैनन भने यो बिचरो स्तम्भकारले त्यो अरिंगालको गोलोमा हात हाल्ने दुस्साहस पनि गर्न सक्दैन । महात्मा गौतम बुद्धको दीक्षा छ, कुनै पनि कुराको अतिमा नजाऊ, मध्यममार्गको सदुपयोग गर । भगवान बुद्धको यही शिक्षालाई आधार मानेर गजुरियल विश्लेषण अगाडि बढ्छ । अप्रिल फूल डेको विषयमा पनि मेरो यही धारणा छ । सही वा गलतभन्दा पनि यसलाई कसरी समयसापेक्ष बनाउन सकिन्छ भन्ने कुरामा आजको विश्लेषण केन्द्रित रहनेछ ।

अप्रिल फूल अर्थात मुर्ख दिवस, अर्थात मुर्ख बन्ने र बनाउने दिन । ढाँट्ने, छल्ले, झुक्याउने, उल्लू बनाउने, अप्ठेरोमा पार्ने- अप्रिल फूल दिवस मनाउने अन्तराष्ट्रिय तरिका यिनै हुन । यस अर्थमा गजुरियल ठम्याइ छ- हाम्रा लागि हरेक महिना अप्रिल फूल डे हुन्छ । प्रत्येक साता हामी मूर्ख बनिरहेका हुन्छौं । प्रत्येक दिन हामीलाई उल्लू बनाइएको हुन्छ । त्यसैले ढाँटेर, झुक्याएर, अप्ठेरो पारेर सीमित तरिकाले अप्रिल फूल मनाउने विदेशी चलनलाई विस्तृतीकरण गर्नु आवश्यक छ । अर्को वर्षको अप्रिल फूल डेका लागि नेपाली तरिकाहरू प्रस्तुत गर्दैछु ।

पार्टीका घोषणपत्र सार्वजानिक गरेर पनि अप्रिल फूल मनाउन सकिन्छ । सम्भव र असम्भव सबै आश्वासन घोषणापत्रमा उल्लेख गरी अप्रिल फूलकै दिन जनतामा लाने हो भने पार्टी र जनता दुवैलाई फाइदा हुन्छ ।

पहिलो कुरा, हरेक घोषणापत्र अप्रिल फूल जोकभन्दा कम हाँसउठ्दा हुँदैनन । दोस्रो कुरा, अप्रिल फूलकै दिन सार्वजनिक भएका घोषणापत्रहरू यदि पूरा भैहाले भने पार्टीलाई राम्रो भयो । यदि पूरा गर्न सकिएन भने 'त्यो त अप्रिल फूल पो मनाएको त' भनिदिए भैगयो ।

प्रेमप्रस्ताव राख्ने उत्तम समय पनि अप्रिल ! तारिखलाई बनाउनु राम्रो हुन्छ । तपाईंको प्रस्ताव स्वीकार भयो भने त्यो सौभाग्यको कुरा भयो । यदि अस्वीकारका साथमा चप्पलको दर्शन भयो भने 'अप्रिल फूल' भनिदिए भैगयो । जुन-जुन योजना सफल हुन वा विफल हुन सक्ने खालका रहन्छन, ती सबैलाई यही दिन सुरु गर्नाले खतराको सम्भावना कम रहन्छ । सूत्र तपाईंले थाहा पाइहाल्नुभयो, सफल भए तपाईंको भाग्य, नभए 'अप्रिल फूल' !

नयाँ चलचित्रको घोषणा, विकास आयोजनाको सुरुवात, सहमतिको सुरुवात, शान्ति-सम्झौतामा हस्ताक्षरजस्ता थुप्रै काम अप्रिल फूलकै दिन गर्नु राम्रो हुन्छ । किनभने 'नयाँ धारको सिनेमा' भनेर घोषणा गरिएका चलचित्र हलसम्म पुग्दा नेपाली संस्कृतिलाई खुकुरीको धारमा पुर्‍याएको पाइन्छ । आफ्नो गाउँ आफैं बनाऔं भनेर सुरु गरिएको विकास आयोजनाले वर्ष दिनमै गाउँको विनाश गरिदिन्छ । राष्ट्रियताको नाम दिएर अघि बढाइएको सहमतिको सुरुवात भोलिपल्ट विमतिमा परिणत हुन्छ । शान्तिको नाममा गरिएको हस्ताक्षरको मसी सुक्न नपाउँदै हिंसाको बादल मँडारिन थाल्छ । यस्ता कुरा अप्रिल फूलको अवसरका सुरु हुने हो भने सर्प पनि नमर्ने लाठी पनि नभाँचिने हुन्थेन त, कसो ?! साप्ताहिकबाट

www.gulminews.com

शिविरमा ३३ जनाको शल्यक्रिया

प्यूठान समाचार सम्वाददाता
खलंगा, २३ चैत ।

खलंगामा चलेको निःशुल्क उपचार र शल्यक्रिया शिविरमा ३३ जनाको प्लास्टिक सर्जरी गरिएको छ । औँठ तालु फाटेका, पोलेर अपांग भएका एवं जन्मजात हातका औला बढी भएका वा जोडीएका ४१ जनाको जाँच गरिएको हो ।

पोलेका १३ जना, ओठ फाटेको २ जना र बाँकी औला जोडिएको तथा अनुहारको खत भएकाहरुको शल्यक्रिया गरिएको आयोजकले जनाएको छ । शिविरमा आएका ७ जनालाई बाहिर रिफर गरिएको छ भने एक जनाको जिल्ला बालकल्याण समितिसँगको समन्वयमा काठमाण्डौमा निःशुल्क उपचार भैरहेको सह आयोजक मल्लरानी ग्रामीण विकास सरोकार केन्द्रका अध्यक्ष विजय कुमार श्रेष्ठले बताउनुभयो । त्यसैगरि शिविरमा करिब चार सय जनाले दाँतको उपचार गराएका छन् । शनिबारसम्म शिविर चलेपनि शल्यक्रिया गरिएका विरामीहरुलाई २४ गते परामर्श दिएपछि मात्र घर पठाईने अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

शिविरमा प्लाष्टिक सर्जरीतर्फ काठमाण्डौं मोडेल अस्पतालका डा.किरण नकर्मी, डा. कृष्ण नगरकोटी र दाँत उपचारतर्फ डा. रञ्जु गिरी, डा.अजय अस्थाना र डा.जगदिश अग्रवाल रहनुभएको थियो । काठमाण्डौ मोडल अस्पतालको आयोजनामा शिविर सञ्चालन गरिएको हो ।

हार्दिक समवेदना

जन्म १९७८/११/१० | स्वर्गारोहण २०७०/१२/१०

स्व. शसीराम रेग्मी

यस पार्टीका शुभचिन्तक, जिल्ला सल्लाहकार सदस्य लिलामणी रेग्मीका बुवा, जिल्ला कमिटि सदस्य गोमा रेग्मीका ससुरा प्यूठान सारी-२ निवासी **शसीराम रेग्मी** को यहि चैत १० गते ९२ वर्षको उमेरमा भएको दुःखद निधनले हामी अत्यन्त मर्माहत भएका छौं । दुःखको यस घडीमा मृतात्माप्रति चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौ ।

तुल्सीराम शर्मा
अध्यक्ष तथा
नेकपा एमाले जिल्ला कमिटि परिवार, प्यूठान

विद्यालयमा अक्षयकोष

प्यूठान समाचार सम्वाददाता
जुम्रिकाँडा, २३ चैत ।

सिद्ध निम्न माध्यमिक विद्यालय जुम्रीकाँडा- १ मा अक्षयकोष स्थापना गरिएको छ । जुम्रीकाँडा-३ का हाल दाङ घोरारी बस्दै आउनुभएका भक्तिराम भुसालले स्वर्गीय माता सावित्रा र स्वर्गीय पिता दिनामणीको सम्झनामा अक्षयकोष स्थापन गर्नुभएको हो । १५ हजारको रुपैयाँको उक्त अक्षयकोषबाट प्रत्येक वर्ष उत्कृष्ट तथा जेहेन्दार एक जना विद्यार्थीलाई पुरस्कृत गरिने उहाँले बताउनुभयो ।

आईतबार विद्यालयमा एक कार्यक्रमका बीच भुसालले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दुर बहादुर सुनारलाई रकम हस्तान्तरण गनुभएको प्रधानाध्यापक डोर बहादुर घर्तिले बताउनुभयो । विद्यालयमा हाल ४ सय ८७ जना विद्यार्थी अध्ययनरत रहेको घर्तिले बताउनुभयो ।

स्यानेटरी ......

आग्रह गर्ने निर्णय गरेको छ । उक्त स्थानमा ल्याण्डफिल साइट निर्माणका लागि मन्जुर रहेको जनाउँदै बैठकले टेण्डर प्रक्रियाबाट कार्य अघि बढाउन समेत निर्णय गरेको गाविस सचिव उमाविन्दु अर्याल पन्थीले जानकारी दिनुभयो । बैठकले मुकुन्द श्रेष्ठको संयोजकत्वमा ७ सदस्यीय अनुगमन समिति समेत गठन गरेको छ । जसको सदस्यहरुमा रिमबहादुर घर्ति, धना कार्की, निर्मलदास नकर्मी, गोपाल शाही, राजबहादुर नेपाली, राजेश बुढाथोकी रहनुभएको छ ।

बैशाख महिना भित्रै यसको टेण्डर आव्हान गरिने बैठक पछि जिल्ला प्राविधिक कार्यालयका इन्जिनियर मेघराज ज्ञवालीले बताउनुभयो ।

अवैध ......

थियो । टोलीले इट्टा उद्योगमा रहेका साँचो नियन्त्रणमा लिएर काममा रोक लगाएको छ । प्रशासनले काँचो इँटालाई भने १५ दिनको म्याद दिएर बिक्री गर्न दिने भएको छ । यहाँका इँटा उद्योग खेतमा सञ्चालन हुँदै आएका थिए । आइइ र इआइएको पक्रिया पूरा गरेर दर्ता प्रक्रियाबाट सञ्चालन गर्नुपर्ने कानुनी प्रावधान रहे पनि उद्योगहरू मनोमानी ढंगले सञ्चालन भइरहेका थिए ।

वन क्षेत्रको तीन किलोमिटर नजिक र खेतीयोग्य जमिनमा उद्योग सञ्चालन गर्न नपाइने प्रावधान भए पनि उद्योगले उक्त नियमको उलंघन गरेको सहायक प्रमुख जिल्ला अधिकारी भेषराज खनालले बताउनुभयो । 'सञ्चालन गर्ने भए दर्ता पक्रिया पुऱ्याउनुपर्छ' उहाँले भन्नुभयो, 'कुनै पनि हालतमा अवैध रुपमा चलाउन दिदैनौं ।' उहाँले उद्योग बन्द गर्ने विषयमा आलटाल गरे कारबाही हुने बताउनुभयो ।

उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णप्रसाद श्रेष्ठले उद्योग वाणिज्य संघले उद्योगलाई दर्ता प्रक्रियामा आउन पटकपटक आग्रह गर्दा पनि वास्ता नगरेको बताउनुभयो । अड्गुरीको करेवाङमा इँटा उद्योग सञ्चालन गरेका सन्धिखर्कका मोतीजंग रायमाझीले अहिलेको प्रावधानमा रहेर इँटा उद्योग सञ्चालन गर्न नसकिने बताउनुभयो । 'प्रक्रिया पुऱ्याएर चलाउन गाह्रो छ,' उहाँले भन्नुभयो, 'हामी बन्दै गर्ने मनस्थितिमा पुगेका छौं ।'



फागुनदेखि बैशाखसम्मको अवधि हावाहुरी बढि आउने समय हो । आगो बाल्दा सुरक्षित ठाँऊमा मात्र बाल्ने, सलाई, लाइटर, मट्टितेल आदि ज्वलनशिल वस्तु केटाकेटीले भेट्ने ठाँऊमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरू बारे सम्झाई बुझाई गर्ने र यस्ता कुराहरूबाट सजक रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

चरन रोक्न निवेदन

प्यूठान समाचार सम्वाददाता

खलंगा, २३ चैत ।

खलंगा-३ र ४ का स्थानीयले पाखो बारी र वन क्षेत्रमा गाईबस्तु चरन कार्य रोकिदिँन माग गर्दै गाविसको कार्यालयमा निवेदन दिएका छन् । गाईवस्तुको खुला चरनले बोटविरुवा हुर्कन नपाएको भन्दै उनीहरुले यस्तो माग गरेका हुन् । 'खलंगा-३ र ४ क्षेत्रमा छाडा गाई, बाख्रा चराउन रोक लगाई पाँऊ' भन्दै निवेदन दिएको स्थानीय अष्टकुमार श्रेष्ठले बताउनुभयो ।

पछिल्लो समय घाँस, दाउरा, विरुवा चोरि बढ्दै गएको भन्दै उक्त काम रोकिदिन समेत स्थानीयले माग गरेका छन् । चरन र चोरीका कारण विरुवाहरु हुँर्कन नपाएकोले वातावरण संरक्षणका लागि समेत यसो गर्नु आवश्यक रहेको उनीहरुको भनाई छ । गाविसमा दिइएको निवेदन प्रशासन र सामुदायिक सेवा केन्द्रलाई पनि वोदार्थ पठाइएको छ । निवेदनमा स्थानीय ५७ जनाले हस्ताक्षर गरेका छन् ।

जनस्वयंसेवकको आपत्ति

प्यूठान समाचार सम्वाददाता

खलंगा, २३ चैत ।

द्वन्द्वकालको घटनामा राज्य पक्षबाट लगाइएका मुद्दाहरु ब्यूताएर संगठनका केन्द्रीय अध्यक्ष लगायत देशभरका माओवादी नेता कार्यकर्ताहरुको सम्पत्ति रोक्का, म्याद टाँस्ने, गिरफ्तार गर्ने, वारेण्ट जारी गर्ने कार्यहरु भैरहेको भन्दै उक्त कार्य तत्काल रोक्न माग गरेको छ ।

राष्ट्रिय युवा जनस्वयंसेवक जिल्ला संगठन समिति प्यूठानले आईतबार प्रमुख जिल्ला अधिकारी समक्ष ज्ञापन पत्र बुझाउँदै सम्पति रोक्का सम्बन्धिको आदेश खारेज गर्न, गिरफ्तार नेता कार्यकर्ताहरुलाई रीहा गर्न, वारेण्ट जारी गरीएका मुद्दाहरु खारेज गर्न वर्तमान सरकारका प्रधानमन्त्रि समक्ष माग गरेको हो ।

जिल्ला संगठनका कार्यवाहक अध्यक्ष बिमल पोखेलद्धारा हस्ताक्षरित ज्ञापन पत्रमा सरकारको यसखाले व्यवहार विस्तृत शान्ति सम्झौता विपरीत देशलाई गृहयुद्धमा धकेल्ने प्रपन्चको एक कडि भएको उल्लेख छ ।

गुनासो गर्नुपर्‍यो ?

तु सम्पर्क गर्नुहोस्
०८६-४२०००२

हार्दिक बधाई तथा शुभ-कामना

यस संघका जिल्ला कार्यसमिति सदस्य **कुमार श्रेष्ठ** स्वर्गद्धारी यातायात व्यवसायी समितिको छैठौं अधिवेशनबाट कार्यसमिति सदस्य पदमा निर्विरोध निर्वाचित हुनभएकोमा पूर्ण कार्यकाल सफलताको शुभकामना सहित हार्दिक बधाई ज्ञापन गर्दछौं । साथै अध्यक्ष लगायत सम्पूर्ण नवनिर्वाचित पदाधिकारीहरुमा समेत बधाई ज्ञापन गर्दै नयाँ वर्ष २०७१ को अवसरमा सम्पूर्ण प्यूठानवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गञ्ज बहादुर थापा — महासचिव **एवं** **दधिराम भण्डारी** — अध्यक्ष

होटल व्यवसायी संघ परिवार, प्यूठान

हार्डवयरका लागि विश्वासिलो ठाउँ

हामीकहाँ सिमेन्ट, सरिया, पेन्ट, जि.आई, पि.वि.सी, एच.जि.पी पाइप, पाइप फिटिङ्ग कर्कट पाता, टवाईलेट तथा वाथरुम फिटिङ्ग, पानी टंकी, रंग रोगन प्लाष्टिक ईटा पनि

ईटा, बालुवा, गिट्टी, ढुङ्गा समेत ढुवानीको व्यवस्था छ ।

सोना सिमेन्ट पञ्चकन्या प्लाष्टिक पाइप प्यूठानको लागी (आधिकारीक विक्रेता) डिलर ।

लक्ष्मी ट्रेडर्सबाट सामान किन्नुहोस् सदाको लागि ढुक्क बन्नुहोस् ।

प्रो : बद्री श्रेष्ठ

लक्ष्मी ट्रेडर्स

धर्मावती-१, बाग्दुला प्यूठान

सम्पर्क : ०८६-४६०२६१, ९८५७८२०६८२, ९८४८३५३४४७

फर्निसिङका सम्पूर्ण सामाग्रीहरु एकै छानामा

- नेपाली तथा तेस्रो मुलुकबाट आयातित सम्पूर्ण प्रकारका अफिस तथा घरायसी फर्निचरहरु । - घर रंग रोगनका सामानहरु ।

- विभिन्न किसिमका कार्पेट, पर्दा, डोर म्याडहरु, सोफासेट, टेवुलपोस, टि.भि. र्‍याक, टि-टेवुल, दराज लगायत सम्पूर्ण फर्निचर तथा फर्निसिङका समानहरु थोक तथा फुटकरका लागि

डलफिन प्लाष्टिक फर्निचर, यति कार्पेट र एभरेष्ट स्टिल फर्निचरको आधिकारिक विक्रेता

होम डेलिभरी तथा फिटिङको व्यवस्था

प्रो. झविन्द्र शर्मा, व्यवस्थापक : अर्जुन शर्मा/आकाश शर्मा

सम्पर्क : ९८५७८२१५८६, ९८४७८२०३९१, ९८४७९७०७६७, ९८६६९३६२९७

राज अर्डर एण्ड सप्लायर्स

राज डेकोर होम

प्रधान शाखा खलंगा बसपार्कलाईन, मुख्य शाखा विजुवार-७ भौका प्यूठान

खोपको मात्रा पुरा गरौं, रोग लागनबाट बालबालिकालाई बचाऔं

- जन्मिना साथ बि.सि.जी. खोप १ पटक ।
- डेढ महिना पुगेपछी डि.पि.टी, हेपटाइटिस बि, हिब ३ पटक एक/एक महिनाको फरकमा ।
- डेढ महिना पुगेपछी पोलियो थोपा ३ पटक एक/एक महिनाका फरकमा
- ९ महिना पुरा भएपछी दादुरा र रुवेला खोप ।
- १२ देखि २३ महिनाको बिचमा जापनिज ईन्सेफ्लाईटिसको बिरुद्धमा खोप लगाऔं । तालिका अनुसार लगाएमा १० किसिमका रोगहरु लाग्न र बालबालिकालाई मृत्यु हुनबाट बचाँउन सकिन्छ । त्यसैले समयमै खोप लगाऔं । आफ्ना बालवालिकाहरुलाई सुरक्षित बनाऔं ।

जिल्ला स्वास्थ्य कार्यालय, प्यूठान

'सन् २०१७ सम्ममा सरसफाइको आनीवानीमा पूर्णता, प्यूठानवासीको प्रतिवद्धता'

सन् २०१७ सम्ममा प्यूठान जिल्लालाई पूर्ण सरसफाइयूक्त (TBC) घोषणा गर्ने महान अभियानमा जुटौं ।

कच्ची चर्पीहरूलाई ब्यवस्थित चर्पी बनाई प्रयोग गरौं, पूर्ण सरसफाईको अभियानमा सहभागी होऔं ।

जिल्ला विकास समितिको कार्यालय, प्यूठान

सपेक्षा मोटर साईकल वर्कशप नयाँ

खलंगा वसपार्क लाईनमा लामो समय देखि सेवा दिदैं आएको यस सपेक्षा मोटर साईकल वर्कशप ग्राहक वर्गहरुको मध्यनजर गर्दै नयाँ स्थानमा सरेको जानकारी गराउँदछौं ।

प्रो. प्रविण शाही

खलंगा-५ (खानेपानी मोड), प्यूठान

सम्पर्क : ९८५७८३२५०३, ९८४७८२०४३५, ९८४७८२०२०३

Sales Maintenance Parts Washing

आकर्षक ग्रिल आशिका ग्रिल उद्योगमा

सटर, चेनगेट, ग्रिल, फेन्सी गेट, स्विच गेट, वाल गेट, डेक्स बेन्च, टस, रेलीङ, गोलभर्‍याङ, तथा फलामबाट बन्ने सम्पुर्ण सामान बनाइनुका साथै स्टिल रेलीङ, आलमुनियमका झ्यालढोका, चौकोस, पार्टीसन पनि ग्यारेन्टिका साथ निर्माण गरीनुका साथै होम डेलीभरीको पनि ब्यवस्था छ ।

प्रो. अर्जुनसिंह बि.क.

आशिका ग्रिल उद्योग, बिजुवार-७, प्यूठान

सम्पर्क : ०८६-४६०१८४ मुवाइल : ९८५७८३३५२५, ९८४७८३९४२५

गुणस्तरीय सेवा नै हाम्रो धर्म हो । एकपटक सेवा गर्ने मौका अवस्य दिनुहोला । नभुक्किनु है ! पहिलेको राना ग्रिल उद्योग नै आशिका ग्रिल उद्योग हो ।

तपाईको स्वर्गद्वारी यात्रा हामी सफल पार्छौं

हामी कहाँ खाना बस्नको सुविधा सम्पन्न व्यवस्था छ । एसी कोठा र कुनै कार्यक्रम गर्नुपरेमा अत्याधुनिक सुविधा सहितको हलहरुको पनि व्यवस्था छ ।

गाडी रिर्जवको सुविधा सहित

प्यूठान मै पहिलो पटक

टेकप्रसाद भण्डारी
प्रवन्ध निर्देशक

उच्च स्तरीय आवास सेवा

होटल स्वर्गद्वारी दर्शन प्रा.लि.

भिंगृ-३, जलुके प्यूठान

सम्पर्क : ०८६-४०००४४/४५/४६, ९८४७८०५४५४/९८५७८३३०५४

हार्दिक समवेदना

जन्म **२०३०/०६/१२**

स्वर्गारोहण **२०७०/१२/१४**

स्व. राम प्रसाद श्रेष्ठ

हाम्रा अतिमिलनसार आत्मीय साथी विजुली-५ अर्लावाङ प्यूठान निवासी **श्री रामप्रसाद श्रेष्ठ**को उपचारको क्रममा यहि चैत १४ गते ४० वर्षको अल्पायुमै भएको असमायिक निधनले हामी अत्यन्त दु:खी तथा मर्माहत भएका छौं । शोकको यस घडीमा मृतकप्रति हार्दिक श्रदाञ्जली सहित शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

शिवशान्ति स्टोर/ओम फर्निचर उद्योग

प्रो. शिवलाल श्रेष्ठ/अमलाल श्रेष्ठ

एवंम समस्त श्रेष्ठ परिवार विजुवार-६, प्यूठान

कालिका मेशिनरी हार्डवयर सदाका लागि तपाईको सेवामा समर्पित

हाम्रा सेवाहरु

- फर्निचर तथा ग्रील सम्वन्धी सम्पूर्ण मेशिनहरु पाइन्छ । जस्तै : रञ्जा, मेशिन, कट अफ मेशिन, ड्रील मेशिन, मार्वल कटर, सर्कुलर मेशिन, काठ काट्ने मेशिन(Chain saw), वल्डीङ मेशिन, विभिन्न साइजका मोटरहरु, पानी तान्ने मोटर, खरात मेशिनको सेट, जेनेटर र विभिन्न खालका ठूला मेशिनहरु पनि पाइन्छ ।
- कुटने पिस्ने मिल र यसका सामानहरु पाइन्छ ।
- आधुनिक डिजाइनका ब्रान्डेड धारा र यस फिटिङ्गसका सामान तथा पाइप पाईन्छ ।
- ट्वाइलेट सिटहरु विभिन्न डिजाइनमा पाईन्छ ।
- किचन तथा बाथरुम फिटिङ्स, वास बेसिङ्ग ।
- विभिन्न डिजाइनका टायल्स, तथा फोटो टायल्सहरु पाईन्छ ।
- सम्पूर्ण खालका हाते औजार (Tools) पाईन्छ ।



नेपा टपको पिपिआर पाइप पाइने प्यूठानको एकमात्र ठाउँ ।

कालिका मेशिनरी एण्ड सप्लायर्स

भौका पानीको धारा माथीपट्टी विजुवार, प्यूठान

सम्पर्क : ९८४७८३९८७१, ९८५७८२१८७१

गुणस्तरीय सेवा हाम्रो प्रतिवद्धता

प्रो. शंसेर नेपाली

सिड्रो नेपाल स्वाभीमान फार्मेसी

यहाँ योग, ध्यान, एकुपञ्चर, एक्युप्रेसर, आयूर्वेद, एलोप्याथी, प्राकृतीक चिकित्सा आदि उपचार विधीबाट बाथ, जोर्नीहरु दुख्ने, सुन्निने युरिकएसिड, प्यारालाइसिस ग्याष्टिक, दम पत्थरी, मानसिक रोग, चिन्ता डिप्रेसन लगायतका तमाम नयाँ तथा पुराना जिर्ण रोगहरुको सफल उपचार गरिन्छ ।

साथै यहाँ एक्सरे, रगत,दिशा, पिसाव, खकार, विर्य, गर्भ, एच.आई.भी परिक्षण गरिन्छ । यसै गरि विद्यार्थी एवंम गरिव परिवार र सुगरका विरामी स्वयंमले प्रत्येक शनिवार ल्याव परिक्षण गरेमा २५% छुटको व्यवस्था गरिएको छ । नि:शुल्क स्वास्थ्य योग, ध्यान शिविर प्रत्येक दिन विहान SIRDO NEPAL को सहयोगमा दिइनेछ । यदि यहाँहरु विरामी भई टाढा जानुपरेमा तथा शुभ विवाह, पार्टी पिकनिक, भ्रमणका लागि टाटा सुमो गाडीको व्यवस्था पनि छ ।

योग प्रशिक्षकYogi O.H. Bhattarai (स.चि.स.मे. ल्याव)

जुम्रि बजार, प्यूठान

सम्पर्क : ०८६-४६०३९८, ९८४७८७१०२८

प्यूठान समाचारका लागि प्रकाशक/प्रधान सम्पादक : इमानसिंह भारती, **सम्पादक :** विजयसिंह भारती, **अतिथि सम्पादक :** गिरु प्रसाद भण्डारी, **कार्यकारी सम्पादक :** सुजल श्रेष्ठ, **प्रमुख सम्वाददाता :** एलवी थापा, **व्यवस्थापक :** केशर रोका, **कम्प्यूटर ले-आउट :** रामबाबु शाही (९८४७८२०३२०), **सल्लाहकारहरु :** लोक बहादुर बस्नेत, अर्जुन कुमार कक्षपती **प्रधान कार्यालय :** खलंगा-५ प्यूठान
फोन/फ्याक्स : ०८६-४२०००२/०८६-४२००९९, **Email :** pyuthansamachar@gmail.com, **Web :** www.pyuthansamachar.com, **मुद्रण :** भारती छापाखाना तथा स्टेशनरी उद्योग खलंगा, प्यूठान

www.gulminews.com